# चिशंखुगढी गाउँपालिका

## गाउँसभाको बैठकमा गाउँपालिकाका अध्यक्ष श्री निशान्त शर्माज्यूले प्रस्तुत गर्ने आर्थिक वर्ष २०७९।०८० को नीति तथा कार्यक्रम

<u>२०७९/०३/१० गते शुक्रबार</u>

उपाध्यक्ष ज्यूं, प्रमुख प्रशासकीय अधिकृत एवम् गाउँसभाका सदस्य ज्यूहरू,
अतिथि दिर्घामा रहनु भएका राजनैतिक दलका प्रमुख तथा प्रतिनिधि ज्यूहरू,
प्रधानाध्यापक, शिक्षक महानुभावहरू एवं सम्पूर्ण कर्मचारी मित्रहरू,
स्थानीय उद्योगी, व्यापारी ज्यूहरू तथा विकास साझेदार संस्थाका प्रतिनिधि साथीहरू,
सुरक्षाकर्मी तथा पत्रकार साथीहरू, एवम् उपस्थित महानुभावहरू ।

यस गाउँपालिकाको आर्थिक वर्ष २०७९।०८० को नीति, योजना, कार्यक्रम तथा बजेट प्रस्तुतीकरण समारोहमा हाम्रो निमन्त्रणालाई स्वीकार गरी पाल्नु भएका उपस्थित सम्पूर्ण महानुभावहरुमा चिशंखुगढी गाँउपालिका परिवार तथा मेरो व्यक्तिगत तर्फबाट हार्दिक स्वागत तथा अभिवादन व्यक्त गर्दछु ।

देशलाई संघीय लोकतान्त्रिक गणतन्त्र स्थापना गर्दै यस चरणमा पुर्याउनका लागि आफ्नो प्राणोत्सर्ग गर्नुहुने सम्पूर्ण ज्ञात अज्ञात शहीदहरू प्रति भाव पूर्ण श्रद्धाञ्जली अर्पण गर्दछु, सम्पूर्ण शहीद परिवार तथा घाइते योद्धाहरूलाई सम्मान पूर्वक स्मरण गर्न चाहन्छु ।

स्थानीय तह सदस्य निर्वाचन, २०७९ पश्चात् आज म यस चिशंखुगढी गाउँपालिकाको दोस्रो कार्यकालको अध्यक्षको हैसियतले यस गरिमामय एघारौं गाउँसभामा छैटौं पटक वार्षिक नीति तथा कार्यक्रम प्रस्तुत गर्न पाउँदा निकै खुसी भएको छु र गौरवको अनुभूति गरेको छु । साथै यो अवसरका प्रदान गरिदिनु भएकोमा चिशंखुगढीवासी जनसमुदायहरू प्रति हार्दिक धन्यवाद, आभार र कृतज्ञता प्रकट गर्दछु ।

संघीय सरकार र प्रदेश सरकारका विकासका आधारपत्रहरु तथा चिशंखुगढी गाउँपालिकाको आवधिक विकास योजनाले निर्दिष्ट गरेको "कृषि, पर्यटन र दिगो पूर्वाधार, चिशंखुगढी गाउँपालिकाको बलियो आधार" को आकांक्षालाई पुरा गर्ने दीर्घकालीन सोच लिइएको छ । आवधिक विकास योजनाले निर्दिष्ट गरेका लक्ष्य, उद्देश्य, रणनीति कार्यनीतिहरुलाई मार्गदर्शकको रुपमा लिदै योजनाहरूलाई प्राथमिकीकरण गरी विकासका कार्यक्रमहरू अगाडी



[signature] शर्मा
अध्यक्ष

बढाइनेछ । जातीय, सामाजिक, सांस्कृतिक तथा भौगोलिक विविधताका बीचमा भावनात्मक एकता कायम गर्दै आर्थिक, सामाजिक र मानव संशोधनको विकासलाई जोड दिँदै जनजीवनमा सकारात्मक परिवर्तन ल्याउने जिम्मेवारी सहित गाउँपालिका दिगो तथा समावेशी विकासको निर्दिष्ट लक्ष्य तथा उद्देश्य पूरा गर्ने महत्वपूर्ण आधारको रुपमा यो गाउँसभालाई लिन सकिन्छ ।

उपस्थित सम्पूर्ण महानुभावहरू,

अब म चिशंखुगढी गाउँपालिकाको आ.व. २०७९।८० को लागि नीति तथा कार्यक्रम प्रस्तुत गर्न चाहन्छु ।

१. कृषकहरू माझ विद्यमान समस्याहरूलाई सहज पहिचान गर्न र आधुनिक प्रविधिको उपयोगको माध्यमद्वारा आफ्नो उत्पादनमा वृद्धि गरी आत्मनिर्भर गराउनको लागि प्रवर्द्धनात्मक क्रियाकलापहरू सञ्चालन गर्दै एक गाउँ एक कृषि प्राविधिक र सेवा केन्द्र मार्फत सेवा प्रवाहलाई निरन्तरता दिइनेछ ।

२. सम्भाव्यताको आधारमा तरकारी, फलफूल, खाद्यान्न, पशुपालन, माहुरी पालन र नगदेवाली पकेट क्षेत्र घोषणा गरी त्यस्ता क्षेत्रमा युवा लक्षित, व्यावसायिक खेती तथा आधुनिक कृषि प्रणालीको माध्यमबाट स्वरोजगारको अवसर सिर्जना गरिनेछ । सम्भाव्य स्थानहरूमा फलफूल तथा नगदे वालिहरूको व्यावसायिक उत्पादन वृद्धि गर्न विभिन्न जातका बिरुवाहरू उपलब्ध गराईनेछ ।

३. कृषि पेशामा आबद्ध कृषकहरूलाई कृषक समूहमा आबद्ध गराई स्वावलम्बन सम्बन्धी क्रियाकलापमा संलग्न गराउँदै कृषक सहकारी संस्थाको माध्यमबाट स्थानीय कृषि उत्पादन एवम् विक्रीका लागि कृषि बजारको सुनिश्चितता गराउन पहल गरिनेछ ।

४. खाद्यान्न बालीमा उन्नत जातको बीउको प्रयोगबाट उत्पादन वृद्धि गरी खाद्य सुरक्षामा सहयोग पुर्याइने छ ।

५. प्राङ्गारिक मलको प्रयोगलाई प्राथमिकता दिँदै रासायनिक मलको प्रयोगलाई निरुत्साहित गरिदैं लगिने छ । साथै जैविक विषादीको खपत बढाइनेछ ।



शर्मा
अध्यक्ष

६. किसान सूचीकरण कार्यक्रमलाई विस्तार गर्दै लगिनेछ। कृषि विकास सम्बन्धी सेवा, सुविधा र सहुलियत प्रदान गर्दा किसान परिचयपत्रलाई क्रमशः अनिवार्य गर्दै लगिने छ।

७. स्थानीय स्तरमा उत्पादन गरिएका उन्नत बीउको संरक्षण तथा सम्वर्द्धन गरी आयातित बीउलाई क्रमिक रुपमा प्रतिस्थापन गरिनेछ।

८. व्यावसायिक पशुपालन तर्फ कृषकहरूलाई आकर्षित गर्दै लगिने छ, साथै पशुहरूमा उन्नत जातको नस्ल सुधार गर्नको लागि कृत्रिम गर्भधारण लगायतका आवश्यक कार्यक्रम ल्याइनेछ। व्यावसायिक कृषकहरूलाई कृषि उद्यमीको रुपमा विकास गर्न व्यावसायिक कृषि अनुदानको कार्यक्रमलाई निरन्तरता दिईनेछ।

९. कृषि बाली तथा पशुपंक्षी बिमा कार्यक्रमलाई प्रोत्साहन गर्दै लगिनेछ। जंगली जनावर तथा अन्य कारणले कृषि बालीमा हुने क्षतिको क्षतिपूर्तिका लागि बाली बीमा कार्यक्रमलाई प्राथमिकताका साथ अगाडी बढाइनेछ। कृषिमा देखिएका रोग तथा किरा नियन्त्रणका लागि आवश्यक व्यवस्था गरिनेछ।

१०. कृषि उत्पादनलाई प्रोत्साहन गर्नको लागि कृषकहरूलाई सहुलियत ऋण उपलब्ध गराउनुका साथै अनुदानको व्यवस्था मिलाइनेछ।

११. गाउँपालिका भित्रका सम्पूर्ण जग्गाको वर्गीकरण गरी कृषि योग्य भूमिको संरक्षण गरिनेछ। साथै जमिन बाँझो राख्ने प्रवृत्तिलाई निरुत्साहित गर्ने सम्बन्धी नेपाल सरकारको नीतिलाई प्रभावकारी कार्यान्वयन गर्न सहयोग गरिनेछ।

१२. कृषि उत्पादनलाई बंढवा दिन उत्पादकत्व वृद्धिका लागि जलस्रोतको सम्भाव्यताको आधारमा थप सिंचाई कार्यक्रम विस्तार गर्दै लगिनेछ।

१३. यस गाउँपालिकाको समग्र कृषिका क्षेत्रलाई व्यवस्थित बनाई कृषिलाई आधुनिकीकरण गरी जीवन निर्वाहमुखी कृषि कर्मबाट व्यावसायिक कृषि प्रणाली तर्फ विकास गर्न कृषि विकास रणनीति निर्माण गरी कार्यान्वयन गरिनेछ।

१४. पशुपंक्षीको स्वास्थ्यलाई मध्यनजर गर्दै पशु स्वास्थ्य ल्याबलाई थप व्यवस्थापन गरी गुणस्तरीय सेवा प्रदान गरिनेछ ।

१५. घरेलु उद्योग व्यवसाय सञ्चालन गर्न सम्भाव्यताको अध्ययन गरी निर्वाहमुखी खेती प्रणालीलाई व्यावसायिक र आयमुलक बनाउन थप योजना बनाइने छ, साथै हाम्रो उत्पादन हाम्रो संस्कृति अभियान सञ्चालन गरी स्थानीय कच्चा पदार्थमा आधारित कृषि जन्य उद्योग सञ्चालनका निम्ती प्रोत्साहन तथा अनुदानको व्यवस्था मिलाइने छ ।

१६. उद्यम विकास तालिम संचालन तथा  प्रविधि हस्तान्तरणको मध्यबाट युवा युवतीहरूलाई रोजगारी प्रदान गर्न विभिन्न पेशाका सीप विकास कार्यक्रम संचालनमा ल्याइनेछ । साथै वैदेशिक रोजगारबाट फर्केका युवाहरूलाई पुन कामको खोजीमा विदेशिनु पर्ने बाध्यताबाट रोक्न सीप विकास तालिम कार्यक्रम व्यवस्था गरिनेछ ।

१७. गाउँपालिका भित्र रहेका ऐतिहासिक तथा पुरातात्विक सम्पदाहरूमा पर्यटन प्रवर्द्धन गर्न पर्या-पर्यटनमैत्री कार्यक्रमहरू सञ्चालन गरिनेछ ।

१८. सहकारी ऐनको परिधि भित्र रही गाउँपालिका क्षेत्रमा सञ्चालित सहकारी संस्थाको संस्थागत क्षमता सुधार गर्न आवश्यक कार्यक्रमहरू संचालन गरिनेछ । अति विपन्न गरिब परिवारसम्म सहकारी क्षेत्रको पहुँच विस्तार गर्न सहकारी संस्थाहरूलाई गरिबी न्यूनिकरण कार्यक्रमसँग आबद्ध गरिनेछ । टोल टोलमा सहकारी, घर घरमा रोजगारी अभियान सञ्चालन गरिनेछ ।

१९. गाउँपालिका क्षेत्रमा सञ्चालित विद्यालयहरूको शिक्षण सिकाइ कायाकल्पहरूलाई प्रभावकारी, समय सापेक्ष, गुणस्तरीय र सूचना प्रविधि मैत्री बनाउन थप कार्यक्रमहरू ल्याइनेछ । साथै शैक्षिक सुधार कार्यक्रमलाई थप प्रभावकारी बनाउन विद्यालयहरूमा भौतिक सुविधाको विकास एवं विस्तार गरी गुणस्तर अभिवृद्धि गर्न विद्यालयहरू मर्मत, शौचालय तथा पिउने पानी  व्यवस्थापन जस्ता कार्यक्रमहरू संचालन गरिनेछ ।



सिद्धान्त शर्मा
अध्यक्ष

२०. मातृभाषा शिक्षालाई प्रोत्साहन गरी अगाडि बढाउने तथा सीपमा आधारित शिक्षा नीति तयार गरी कार्यान्वयन गरिनेछ। साथै स्थानीय पाठ्यक्रम निर्माण गरी लागू गरिनेछ।

२१. विद्यार्थी संख्या, दूरी तथा आवश्यकताको आधारमा विद्यालयको स्तरउन्नती तथा समायोजन गर्ने कार्यलाई निरन्तरता दिइनेछ।

२२. शिक्षकको दरबन्दी मिलान सहित गुणस्तर अभिवृद्धिका लागि पेशागत दक्षताको विकास गर्न आवश्यक तालिमको व्यवस्था मिलाइनेछ।

२३. प्रदेश सरकार तथा संघीय सरकारको सहकार्यमा विद्यालयको भौतिक पूर्वाधार विकास र व्यवस्थापकीय सुधारमा लगानी बढाउँदै लगिनेछ। गाउँ क्षेत्र भित्रै उच्च शिक्षा हासिल गर्ने नागरिकहरूको आकांक्षा पुरा गर्न अपरिहार्य रहेको सामुदायिक क्याम्पस स्थापना गर्ने कार्यलाई थप सहयोग तथा प्रोत्साहन दिइनेछ। माध्यामिक तहको एउटा विद्यालयलाई नमुना विद्यालय बनाउने नीति अख्तियार गरिनेछ साथै एउटा आधारभूत विद्यालयलाई नमुना बाल मैत्री विद्यालयको रुपमा विकास गरी गुणस्तरीय शिक्षा सुनिश्चित गरिनेछ।

२४. विद्यालय शिक्षालाई गुणस्तरीय बनाउन शिक्षकको पेशागत क्षमता विकास गर्न तालिम कार्यक्रम संचालन गरिनेछ। विद्यालय तहबाटै खेलकुद विकासको आधार तयार गर्न माध्यामिक विद्यालयमा एकजना शिक्षकलाई प्रशिक्षण प्रदान गरी खेलकुद शिक्षक तयार गरिनेछ। विद्यालयका खेलाडी सहभागी हुने राष्ट्रपति रनिङ्ग शिल्ड, विभिन्न विधाका वडा स्तरीय तथा पालिका स्तरीय प्रतियोगिताहरू आयोजना गरिनेछ।

२५. विद्यालय भन्दा बाहिर रहेका बालबालिकाहरूलाई विद्यालयमा भर्ना गर्नको लागि विषेश कार्यक्रम संचालन गरिनेछ। कमजोर आर्थिक अवस्थाकै कारण शिक्षाको ज्योतीबाट कोहीपनि बन्चित हुन नपरोस् भन्ने पवित्र मान्यतालाई शिरोधार्य गरी आर्थिक रुपमा कमजोर रहेका परिवारका विद्यार्थीहरूका लागि विशेष छात्रवृतिको व्यवस्था गरिनेछ। साथै प्राविधिक जनशक्ति विकासका लागि गाउँपालिका क्षेत्रभित्रका प्राविधिक शिक्षा अध्ययन गरिरहेका आर्थिक रूपले विपन्न परिवारका विद्यार्थीहरूको पठन पाठनमा सहयोग लागि छात्रवृति प्रदान गरिनेछ। गाउँपालिका भित्रका विद्यालयहरूमा अध्ययनरत छात्र

छात्राहरूमा प्रतिस्पर्धाको भावना जागृत गराउन कक्षा ८ र एस.इ.ई. परीक्षामा उत्कृष्ट हुने २।२ जना विद्यार्थीहरूलाई पुरस्कारको व्यवस्था मिलाइनेछ ।

२६. सामाजिक क्षेत्रमा लगानी विकासको सुनौलो बिहानी को मान्यतालाई मूर्तरूप दिन महिला, बालबालिका, जेष्ठ नागरिक, अपांगता, शिक्षा, युवा तथा खेलकुद क्षेत्रलाई बजेटको प्राथमिकतामा राखिने छ । साथै आम युवाहरूलाई खेलकुद तथा कला साहित्यको माध्यमबाट शारीरिक रुपमा स्वस्थ र सकारात्मक बनाई समृद्ध पालिका निर्माण अभियानमा जोड्न अध्यक्षकप प्रतियोगिता लगायत अन्य खेलकुदका कार्यक्रमहरूलाई निरन्तरता दिइनेछ ।

२७. गाउँपालिकामा सबै वडाहरूमा कम्तीमा १/१ वटा खेल मैदानको निर्माण कार्यलाई निरन्तरता दिइने छ । साथै विभिन्न किसिमका खेलकुद कार्यक्रमहरू सञ्चालन गर्दै लगिने छ ।

२८. स्वस्थ नागरिक, सक्षम चिशंखुगढी भन्ने नाराका साथ गुणस्तरीय स्वास्थ्य सेवामा सर्वसाधारण नागरिकको पहुँच विस्तार गर्दै लगिनेछ । महिलामा देखिने आङ खस्ने रोग सम्बन्धी समस्याको निःशुल्क उपचार गर्ने व्यवस्था मिलाइनेछ । कोख देखि शोख सम्म अभियान सञ्चालन गरी गर्भवती र सुत्केरी महिला लक्षित नि:शुल्क एम्बुलेन्स सेवा र सुत्केरी महिलाका लागि सुत्केरी भेट कार्यक्रम अगाडी बढाइनेछ ।

२९. मातृ शिशु मृत्युदरलाई कम गर्नका साथै स्वास्थ्य संस्थामा शिशु सुरक्षित रुपमा जन्माउन वडाका सबै स्वास्थ्य संस्थाहरूमा बर्थिङ्ग सेन्टर सञ्चालनका लागि आवश्यक पर्ने पूर्वाधार तथा दक्ष कर्मचारीहरूको व्यवस्था गर्दै लैजाने कार्यक्रमलाई निरन्तरता दिईनेछ । आधारभूत स्वास्थ्य क्षेत्रमा नागरिकहरूको पहुँच विस्तार गर्नका लागि सबै स्वास्थ्य संस्थाहरूमा क्रमशः स्वास्थ्य ल्याब सेवाको व्यवस्था मिलाइनेछ । साथै प्राकृतिक चिकित्सा पद्धति तथा आयुर्वेद सेवालाई प्रवर्द्धन गर्दै लगिनेछ ।

३०.महिला स्वास्थ्य स्वयंसेविकाहरूका लागि क्षमता अभिवृद्धि तालिम सञ्चालन गरी प्रोत्साहनका कार्यक्रमलाई निरन्तरता दिइनेछ ।



निर्मला शर्मा
अध्यक्ष

३१. महिला स्वास्थ्य स्वयंसेविकाहरू तथा वर्थिङ्ग सेन्टरहरूमा कार्यरत सहयोगी कर्मचारीहरूको योगदानको उच्च कदर गर्दै प्रोत्साहन स्वरूप निजहरूको निःशुल्क स्वास्थ्य बिमाको व्यवस्था गरिनेछ

३२. महिला, बालबालिका तथा किशोरीहरूको पोषणको अवस्थामा सुधारका लागि बहुक्षेत्रीय पोषण कार्यक्रमलाई निरन्तरता दिइनेछ।

३३. नागरिकहरुलाई गुणस्तरीय, सुरक्षित र प्रभावकारी स्वास्थ्य सेवा प्रवाह गर्न, स्वास्थ्य सेवालाई समुदाय स्तरमा पुर्याई नागरिकको पहुँच अभिवृद्धि गर्न एवम् स्वास्थ्यका सूचांकहरुलाई सकारात्मक योगदान पुर्याउनका लागि यस क्षेत्रमा संलग्न निजी तथा गैर सरकारी क्षेत्रसँग समन्वय गरी कार्यक्रम सञ्चालन गरिनेछ।

३४. स्वास्थ्यसँग सम्बन्धित अति संवेदनशील पक्षको रुपमा रहेको मानसिक स्वास्थ्यको पाटोलाई समेत सम्बोधन गर्नका लागि गाउँपालिका र साझेदारी संस्थाको संयुक्त पहलकदमीमा मानसिक स्वास्थ्यसँग सम्बन्धित कार्यक्रमलाई निरन्तरता दिई उक्त कार्यक्रमलाई थप प्रभावकारी रुपमा कार्यान्वयन गरिनेछ।

३५. पानीको अभाव भएका ठाउँलाई उचित तथा दीर्घकालीन योजना तयार गरी स्वच्छ खानेपानी आपूर्तिमा पहल गरिने छ। साथै पानीको मुहान नभएका स्थान तथा भौगोलिक विकट भएका वस्तिहरूमा आधुनिक प्रविधिका खानेपानी योजनाहरूको सम्भाव्यताको अध्ययन गरी खानेपानीको व्यवस्था गरिनेछ। साथै समस्या ग्रस्त खानेपानी योजनाहरूको मर्मत तथा पुनः स्थापना गरिने छ।

३६. गाउँ तथा टोलमा फोहोर मैला व्यवस्थापनका लागि नागरकहरूकै सहभागितामा सरसफाइका कार्यक्रम संचालन गरिनेछ। औषधि तथा निर्माण कार्यमा प्रयोग हुने बाहेकका सिसा जन्य, प्लाष्टिकजन्य तथा वातावरणमा दीर्घकालीन असर पार्ने प्रकृतिका फोहोरहरू नियन्त्रण गर्न प्रभावकारी कदम चालिनेछ।



प्रशान्त शर्मा
अध्यक्ष

३७. गाउँपालिका क्षेत्र भित्र रहेका सार्वजनिक तथा ऐलानी जग्गाहरू र ऐतिहासिक तथा धार्मिक महत्वका स्थलहरूको लगत अद्यावधिक गरी सो को संरक्षण, सम्वर्द्धन र प्रवर्द्धनको व्यवस्था गरिनेछ ।

३८. गाउँपालिका स्थित विभिन्न जात जातिका संस्कृतिको संरक्षण एवं प्रवर्द्धन गर्न प्रोत्साहित गरिनेछ ।

३९. सामाजिक सुरक्षा भत्ता वैंकिङ प्रणाली मार्फत वडा तहमै सिविर संचालन गरी उपलब्ध गराउने व्यवस्था मिलाइनेछ ।

४०.सामुदायिक संघ संस्थाहरूको सहयोग, समन्वय र सक्रियतामा सामुदायिक विकासका कार्यक्रम सञ्चालन गरिनेछ ।

४१. सामाजिक कुरिती, वाल विवाह, जातीय विभेदको अन्त्य र घरेलु हिंसा लगायतका अपराध तथा मदिरा जन्य पदार्थको आयात र उत्पादनको नियन्त्रणका लागि ठोस कदम चालिनेछ ।

४२. लैङ्गिक विभेदलाई न्यूनिकरण गर्नको लागि महिला सशक्तिकरणका कार्यक्रमहरू संचालन गरिनेछ । सामाजिक विकृति तथा दुर्व्यसन विरुद्धको अभियान र विपदमा युवालाई सामाजिक कार्यमा परिचालन गर्न हामी स्वयंसेवी अभियान सञ्चालन गरिनेछ ।

४३. विभिन्न सरकारी तथा गैरसरकारी संस्थाको समन्वयमा लक्षित समूह विकास कार्यक्रम सञ्चालन गर्ने व्यवस्था गरिनेछ ।

४४. वाल मैत्री स्थानीय शासन प्रारूपको अवधारणा बमोजिमका विभिन्न चरणहरू पुरा गरी यस गाउँपालिकालाई वाल मैत्री गाउँपालिका घोषणा गरिनेछ । यस कार्यका लागि सरकारी तथा गैरसरकारी संघ संस्थाको सहयोग लिइनेछ ।

४५. बालश्रम, तथा सबै प्रकारका बाल दुर्व्यवहारलाई निरुत्साहित गर्ने नीति अवलम्बन गरिनेछ । गाउँपालिका क्षेत्रमा नयाँ निर्माण गरिने सार्वजनिक स्थल, सरकारी भवन, अस्पताल र विद्यालयहरूको निर्माण कार्यलाई अपाङ्ग मैत्री बनाइनेछ ।



अध्यक्ष

४६. सहित तथा बेपत्ता परिवार र द्वन्द्व पीडित एवम् विस्थापितलाई राहत, पुन स्थापना र सहायताका लागि आवश्यक व्यवस्था मिलाइनेछ।

४७. विकासको प्रमुख पूर्वाधारको रुपमा रहेको सडक संरचनालाई क्रमागत रुपमा स्तरउन्नती गर्नको लागि थप प्रभावकारी योजना बनाइनेछ। साथै गाउँपालिका भित्र निर्माण भएका सडकलाई बाह्रै महिना संचालन हुने गरी मर्मत तथा स्तरउन्नतीको कार्यलाई निरन्तरता दिइनेछ। संघ तथा प्रदेश सरकार सँग आवश्यक पहल गरी जिल्ला सदरमुकाम देखि गाउँपालिका केन्द्र सम्म जोड्ने मुख्य सडक कालोपत्रे गर्ने कार्यका लागि आवश्यक पहल गरिनेछ।

४८. गाउँपालिका क्षेत्र भित्र रहेका सडकलाई अतिक्रमण र अवरोध हुन नदिने व्यवस्था मिलाइनेछ। गाउँपालिका भित्र हालसम्म निर्माण भइसकेको सडकको अद्यावधिक गरी अद्यावधिक गरिएको लगत अनुसार तुलनात्मक रुपमा बढी चल्तीका सडकहरूको मर्मत सँभारको कार्यमा जोड दिईनेछ।

४९. पूर्वाधार विकासलाई दिगो एवं गुणस्तरीय बनाउन प्रचलित मूल्य, मान्यता तथा प्राविधिक जाँच, वातावरणीय प्रभाव मूल्यांकन लगायतका दिगो विकासका पक्षहरूलाई एकाकार गर्दै लगिनेछ।

५०. गाउँपालिका लगायत मुख्य बजारमा निर्माण गरिने भवनहरूलाई भवन मापदण्ड अनुरूप निर्माण गर्ने गराउने र एकीकृत बस्ती विकासको लागि आवश्यक व्यवस्था गरिनेछ।

५१. गाउँपालिका क्षेत्रमा निर्माण गरिने भवनहरूलाई भूकम्प प्रतिरोधात्मक भवन निर्माण गर्न प्राथमिकता दिइनेछ।

५२. भवन निर्माण सम्बन्धी कार्यलाई व्यवस्थित बनाउन भवन निर्माण सम्बन्धी मापदण्ड बनाई कार्यान्वयन गरिनेछ।

५३. नेपाल विद्युत प्राधिकरण सँगको सहकार्यमा गाउँपालिकामा विद्युतको दिगो तथा भरपर्दो आपूर्तिका लागि ठोस कदम चाहिने छ।

५४. राष्ट्रिय महत्वका रुपमा रहेको र यसै गाउँपालिकाको क्षेत्रमा निर्माण हुने दुधकोशी जलाशय युक्त आयोजनाको निर्माण कार्य यथाशीघ्र अगाडी बढाउनका लागि नेपाल सरकार सँग आवश्यक पहल गरिनेछ।

५५.यसै वर्ष गाउँपालिका भित्रका सम्पूर्ण सार्वजनिक संस्थाहरूमा मोबाईल तथा चौथो पुस्ताको भरपर्दो इन्टरनेट सेवा पुर्याउन आवश्यक पहल गरिनेछ।

५६. विभिन्न साझेदार निकायहरू तथा सामुदायिक वन उपभोक्ता समूह र सरोकारवालाहरू सँगको समन्वयमा गाउँपालिका क्षेत्रको वन विनाश तथा अतिक्रमणको क्रमलाई निरुत्साहित गरी वन, वातावरणको संरक्षण र सम्वर्द्धन गरिनेछ।

५७. भूक्षय तथा नदी कटानबाट हुने क्षतिलाई न्यूनिकरण गर्नको लागी आवश्यक योजना बनाई लागू गरिनेछ। पानीका स्रोतहरूको पहिचान गरी संरक्षणको कार्यलाई निरन्तरता दिइनेछ।

५८. सम्बद्ध निकाय एवं सरोकारवाला निकायहरूसँगको सहभागितामा विपद् पूर्वतयारी प्रतिकार्य र पुन स्थापना सम्बन्धी कार्यक्रमहरू संचालन गरिनेछ।

५९. पूर्वाधार विकास कार्यक्रमबाट वातावरणमा हुन सक्ने क्षतिलाई न्यूनिकरण गर्दै वातावरणीय प्रभाव मूल्यांकन वा प्रारम्भिक वातावरणीय परीक्षणको प्रकृयालाई अवलम्बन गरिनेछ।

६०. विद्युतीय चुल्होको प्रयोगलाई प्रोत्साहन गरी अन्य इन्धनको प्रयोगलाई निरुत्साहन गर्दै वातावरण प्रदूषण नियन्त्रण गरिनेछ।

६१.गाउँपालिका तथा साझेदार निकायहरूसँगको समन्वय र सहकार्यमा जलवायु परिवर्तन अनुकूलन सम्बन्धी कार्यक्रम सञ्चालन गरिनेछ।

६३. गाउँ क्षेत्रका नदी नालामा तटबन्ध तथा पहिरो नियन्त्रणको लागि प्रस्ताव तयार गरी सरोकारवाला निकायसँग सहकार्य गरिनेछ। साथै भू क्षय नियन्त्रण कार्यलाई प्रभावकारी बनाइनेछ।



निशान्त शर्मा
अध्यक्ष

६४. मानव संसाधन विकासमा लागि गाउँपालिकालाई प्राप्त हुने आन्तरिक स्रोत र संघ सरकारबाट प्राप्त समानीकरण अनुदानको आधारमा गाउँपालिका कार्यालय र वडा कार्यालयहरूको लागि आवश्यक पर्ने स्वीकृत दरबन्दी अनुसारको जनशक्ति व्यवस्थापनको लागि आवश्यक पहल गरिनेछ।

६५. गाउँ कार्यपालिकाको कार्यालय र वडा कार्यालयका पदाधिकारी र कर्मचारीहरूको दक्षता र क्षमता अभिवृद्धिका लागि क्षमता विकास योजना तयार गरी समय सापेक्ष रुपमा विभिन्न तालिम, गोष्ठी र अवलोकन भ्रमणको आयोजना गरिने छ।

६६. सेवा प्रवाहलाई प्रभावकारी रुपमा संचालन गर्नका लागि गाउँपालिकाको प्रशासकीय भवन तथा वडा कार्यालयका भवन निर्माण गर्न आवश्यक व्यवस्था मिलाइनेछ।

६७. गाउँ कार्यपालिका तथा वडा कार्यालयबाट प्राप्त हुने वस्तु तथा सेवा, प्राप्त गर्ने प्रक्रिया, सेवा लीनका लागि लाग्ने समय र दस्तुर सम्बन्धी जानकारी सहितको नागरिक बडापात्रलाई अद्यावधिक गरी विद्युतीय नागरिक बडापात्र राख्ने व्यवस्था मिलाईने छ। साथै गाउँपालिका तथा वडा कार्यालयबाट प्रवाह हुने सेवालाई थप नियमित र गुणस्तरीय रुपमा प्रवाह गरिने छ।

६८. गाउँ कार्यपालिकाको कार्यालय र वडा कार्यालयहरूबाट उपलब्ध गराइने सिफारिस लगायतका सेवा र सूचनालाई क्रमशः विद्युतीय उपकरण र सूचना प्रविधिको माध्यमबाट उपलब्ध गराउने व्यवस्था गरिनेछ।

६९. गाउँपालिकाको आन्तरिक स्रोत वृद्धिं गरी गाउँपालिकालाई आर्थिक रुपमा सबलीकरण गराउनको लागि राजश्व परामर्श समितिबाट प्राप्त सिफारिसको आधारमा समय सापेक्ष रुपमा शुल्क, सेवा शुल्क, कर तथा दस्तुरहरूको दरमा पुनरावलोकन गरी गाउँपालिकाको आय वृद्धि गरिने छ। गाउँपालिकाले लगाउन सक्ने कर दस्तुरको दायरा एवम् कर, दस्तुर, शुल्क तथा सेवा शुल्कको बारेमा सुसुचीत गरी असुली प्रक्रियाको बारेमा जानकारी दिई उत्प्रेरीत गराई करदाता शिक्षा कार्यक्रम सञ्चालन गरी सम्पत्तिकर लागू गरिनेछ। साथै राजस्व प्रणालीलाई प्रविधिमा आधारित बनाई राजस्व चुहावट पूर्वरूपमा नियन्त्रण गरिनेछ।



शर्मा
अध्यक्ष

७०. गाउँपालिका मातहतका कार्यालयहरूबाट प्रवाह गरिने सेवालाई जनता प्रति उत्तरदायी, गुणस्तरीय, प्रभावकारी, पारदर्शी, प्रतिस्पर्धी एवं अनुमान योग्य बनाउन सम्पूर्ण जनप्रतिनिधि तथा कर्मचारीहरुबाट समन्वय र सहकार्यको सिद्धान्त बमोजिम आ(आफ्नो जिम्मेवारी गहन ढंगबाट पूरा गरिनेछ।

७१. जनप्रतिनिधि एवं कर्मचारीहरुले पालना गर्नुपर्ने आचारसंहिता पूर्वरूपमा पालना गरी जनप्रतिनिधि र कर्मचारी परिवार गाउँपालिकाको दिगो तथा सर्वाङ्गीण विकासमा लागिनेछ।

७२. कर्मचारीहरूको मनोवल उच्च राख्न कार्यसम्पादनका आधारमा प्रोत्साहन गरिने व्यवस्था मिलाइनेछ।

७३. छिटो प्रतिफल प्राप्त हुने बढीभन्दा बढी जनसहभागितामा सम्पन्न हुने र स्थानीय स्रोत, साधन, सीप र प्रविधिको प्रयोग हुने कार्यक्रमलाई प्राथमिकता दिने नीति अवलम्बन गरिनेछ।

७४. गाउँ कार्यपालिका तथा वडा कार्यालयद्वारा सम्पादित कार्यहरूको जानकारी, गुणस्तर तथा सारग्राहीहरूको सन्तुष्टि मापनका लागि सार्वजनिक सुनुवाइ, तेस्रो पक्ष मूल्यांकन तथा सामाजिक परीक्षण कार्यक्रमको आयोजना गर्नुका साथै आन्तरिक लेखा परीक्षण, आन्तरिक नियन्त्रण प्रणाली, अन्तिम लेखा परीक्षण तथा बेरुजू फछ्यौट गर्ने कार्यलाई थप व्यवस्थित गरिनेछ।

७५. गाउँ कार्यपालिकाको प्रवक्ता तथा वेबसाइट मार्फत गाउँ कार्यपालिकाले सम्पादन गरेका कार्य वा निर्णयहरू सार्वजनिक जानकारीमा ल्याउने कार्यलाई थप व्यवस्थित बनाइनेछ।

७६. प्रमुख प्रशासकीय अधिकृतले तोकेको सूचना अधिकारी मार्फत गाउँ कार्यपालिकाको कार्यालयसँग सम्बन्धित सूचना सरोकारवालालाई उपलब्ध गराउने व्यवस्थालाई निरन्तरता दिईनेछ।



निशान्त शर्मा
अध्यक्ष

७७. गाउँपालिकाको वार्षिक प्रगति पुस्तिका र वार्षिक योजना तथा कार्यक्रमहरू प्रकाशन गरी सार्वजनिक गरिनेछ।

७८. गाउँपालिकाका प्रत्येक वडामा इन्टरनेटको सुविधा गुणस्तरीय रुपमा पुर्याइनेछ। साथै विद्युतीय शासनलाई प्रभावकारी कार्यान्वयन गरी डिजिटल डिभाईडको अवस्थालाई अन्त्य गर्दै paperless Government को अवधारणलाई कार्यान्वयन गर्दै लगिनेछ।

७९. गाउँपालिका भित्र बसोबास गर्ने गरिब तथा विपन्न घर परिवारका नागरिकलाई सुरक्षित रुपमा बसोबासको प्रत्याभूति गराउन संघ, प्रदेश र स्थानीय सरकारको साझेदारीमा सञ्चालन हुने आवास व्यवस्थापन कार्यक्रमलाई निरन्तरता दिइनेछ।

८०. यस गाउँपालिकाको विकासका लागि साझेदार गर्ने विभिन्न संस्थाहरूसँग आवश्यक समन्वय गरी विकास सम्बन्धी कार्यहरूलाई अगाडि बढाइनेछ।

८१. प्रधानमन्त्री स्वरोजगारको कार्यक्रमलाई गाउँपालिकाको विकास आयोजनाहरूसँग जोडी गुणस्तर युक्त एवम् परिणाम मुखी कार्य गर्दै प्रभावकारी कार्यान्वयन गरिनेछ।

८२. गाउँपालिका क्षेत्रभित्र नियमित बजार अनुगमन गरी नागरिकहरूको स्वास्थ्यमा हानी पुर्याउने खाद्य बस्तुहरूको वेचविखन निरुत्साहित गर्नुका साथै उपभोक्ता हित संरक्षण सम्बन्धी आवश्यक कार्यक्रमहरू संचालन गरिनेछ।

अन्त्यमा,

प्रस्तुत नीति तथा कार्यक्रम गाउँपालिकावासी नागरिकको विकास र समृद्धिको आकांक्षा पुरा गर्ने दिशातर्फ केन्द्रित रहेको छ। रुपान्तरणकारी भौतिक पूर्वाधार विकास गर्ने, सार्वजनिक सेवा प्रवाहको प्रभावकारिता अभिवृद्धि गर्ने तथा समता मूलक समाज स्थापनाको लागि सामाजिक एवं आर्थिक क्षेत्रमा थप लगानी विस्तार गरी उत्थानसिल अर्थतन्त्रको निर्माणलाई प्रस्तुत नीति तथा कार्यक्रमले उच्च प्राथमिकतामा राखेको छ। नेपालको संविधानले आत्मसाथ गरेका मान्यता, परिकल्पना, नेपाल सरकारको १५ औँ आवधिक योजना तथा प्रदेश सरकारको योजनाको आधार-पत्र र यस गाउँपालिकाको प्रथम आवधिक विकास योजनांको आधारमा रही



शर्मा
अध्यक्ष

यहाँका आम जनसमुदायबाट प्रकट भएका भावनाहरूलाई यस नीति तथा कार्यक्रमले समेटेको छ । आगामी बजेटबाट नीति कार्यक्रममा व्यक्त प्रतिबद्धतालाई समेट्ने विश्वास लिएको छु । यो नीति तथा कार्यक्रम समुन्नत गाउँपालिकाको खाका सहित कार्यान्वयन योग्य दस्तावेजको रुपमा रहने छ । नीति तथा कार्यक्रमका लागि सुझाव दिनु हुने सम्पूर्ण जनप्रतिनिधिहरू, राजनैतिक दलका प्रतिनिधि, बुद्धिजीवी, समाज सेवी, र कर्मचारी साथीहरू तथा अन्य सरोकारवालाहरू सबैमा हार्दिक आभार व्यक्त गर्न चाहन्छु ।

**धन्यवाद ।**

निशान्त शर्मा

अध्यक्ष

चिशंखुगढी गाउँपालिका